प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली, नेपाल

फोन नं. ०९१-५२४२२८
०९१-५२३०६३

O/C

पत्र संख्या : ०७५/०७६
चलानी नम्बर : १०३२

श्री ......सबै उ.प्र.नि. / ...... गाउँपालिका/नगरपालिका
......सुदूरपश्चिम प्रदेश......।

**विषयः औद्योगिक ग्राम स्थापना गरी संचालन गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानिय तहमा औद्योगिक ग्राम स्थापना तथा संचालन गर्ने कार्यक्रम अन्तर्गत प्रदेश सरकारको स्वीकृत कार्यक्रम भित्र रही यही आ.व. २०७५/०७६ देखि औद्योगिक ग्रामका लागि उपयुक्त क्षेत्रहरू पहिचान गर्ने, प्रारम्भिक नाप नक्सा डिजाइन सहितको व्यवस्थापन योजना तयार पारी क्रमशः औद्योगिक ग्रामहरू स्थापना गर्दै लैजाने कार्यक्रम रहेकोले निम्नानुसार मापदण्ड भित्र रही आ-आफ्नो गाउँपालिका वा नगरपालिका क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्न चाहने स्थानीय तहले ज्येष्ठ १० गते भित्र औद्योगिक ग्राम स्थापना गर्न चाहेको क्षेत्रको चारकिल्ला, जग्गाको स्वमित्व, विद्यमान पूर्वाधार र बाटो, बिजुली, पानी, नजिकैको बजार, बस्ती देखीको दूरी आदि विषय खुलाई प्रस्ताव तयार पारी पेश गर्न अनुरोध गरिन्छ ।

<u>मापदण्डहरु:</u>

(१) औद्योगिक ग्राम स्थापना लागि जग्गाको छनोट गर्दा सामान्यता देहायका मापदण्ड पूरा भएको स्थान हुनुपर्नेछ ।
- (क) औद्योगिक ग्रामको स्थापनाको लागि जग्गाको न्यूनतम क्षेत्रफल:
  - (१) हिमाली तथा दुर्गम पहाडी क्षेत्रमा ३० रोपनी हुनु पर्ने,
  - (२) पहाडी क्षेत्रमा ४० रोपनी हुनु पर्ने,
  - (३) तराई क्षेत्रमा ७ विगहा हुनु पर्ने ।
- (ख) मानव वस्तीदेखिको दूरी:
  - (१) घना मानव वस्ती देखि न्यूनतम एक किलोमिटर दूरी हुनुपर्ने,
  - (२) औद्योगिक ग्रामको २०० मिटरको परिधिभित्र मानव बस्ती विकास नहुने व्यवस्था गर्ने ।
- (ग) अन्तर्राष्ट्रिय सीमादखि न्यूनतम दुई किलोमिटर दूरी हुनुपर्ने तर सीमा क्षेत्र नजिक जग्गा उपलब्ध हुने भएमा पाँच सय मिटर दूरीमा औद्योगिक ग्राम स्थापना गर्न सकिनेछ ।

(२) औद्योगिक ग्रामको सडकको मापदण्डः
- (१) औद्योगिक ग्रामबाट राजमार्गसँग जोड्ने पहुँचमार्गको न्यूनतम चौडाई १० मिटरको हुनुपर्नेछ ।
- (२) औद्योगिक ग्रामभित्रको मुख्य सडकको न्यूनतम चौडाई १० मिटरको हुनुपर्नेछ ।
- (३) औद्योगिक ग्रामभित्रको सहायक सडकको न्यूनतम चौडाई ७ मिटरको हुनुपर्नेछ ।
- (४) औद्योगिक ग्रामभित्रको मुख्य सडकको कम्तिमा एक साइडमा फुटपाथ हुनुपर्नेछ ।

<u>नोटः</u> उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको website (http://www.moc.gov.np/)मा गई "औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धि कार्यविधि" मा थप विवरण हेर्न सकिनेछ ।

२०७६/१/२३
..............................
मेघनाथ काफ्ले
सचिव

बोधार्थ:
श्री घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति..........